आज मिति २०७५ साल आश्वीन २६ गतेका दिन गेरुवा गाउँपालिका, स्थानीय शिक्षा समितिका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा समितिको दोश्रो बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | न्यायिक, राजश्व परामर्श र अनुगमन समिति | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वातावरण तथा विपद् व्यवस्थापन समिति | " |
| श्री आलोक कुमार थारु | - | आर्थिक विकाश समिति | " |
| श्री पुनाराम थारु | - | सामाजिक विकाश तथा सुशासन समिति | " |
| श्री बल बहादुर चलाउने | - | सामाजिक समिति | " |
| श्री धर्म प्रकाश थारु | - | भौतिक विकाश समिति | " |
| श्री टेक बहादुर चौधरी | - | विधायन समिति | " |
| श्री मोवीला पौडेल | - | कार्यपालिका सदस्य | " |
| श्री लक्षिणबहादुर नेपाली | - | कार्यपालिका सदस्य | " |
| श्री नारायण पौडेल | - | शिक्षक/महासंघ प्रतिनिधि | " |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | " |
| श्री अमृत पुन | - | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

२०७५।६।२६

**आमन्त्रित सदस्य**

१ श्री डिलबहादुर जि.सी. -श्रोत व्यक्ति

**प्रस्तावहरु**

१ **उच्चस्तरीय निरीक्षण टोलीको प्रतिवेदन ग्रहण र समिक्षा सम्बन्धमा**

२ **शैक्षिक गुणस्तर सुधार कार्यक्रमको रकम विनियोजन गर्ने सम्बन्धमा**

३ **सावीक जिल्ला शिक्षा कार्यालय, बर्दियाबाट वितरण गरिएका अधुरा योजना अनुगमन गर्ने सम्बन्धमा**

४ **बिबिध**

**(क) आगामी बैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

१ **उच्चस्तरीय बिद्यालय अनुगमन तथा निरीक्षण टोलीको प्रतिवेदन ग्रहण,समिक्षा कार्य दिशा निर्माण सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँकार्यपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यूको संयोजकत्वको उच्च स्तरीय अनुगमन तथा निरीक्षण टोलीबाट निर्दिष्ट प्रतिवेदन निर्माण समितिले सवै सामुदायिक विद्यालयहरुबाट अभिलेख तथा स्थिति संकलन र विश्लेषण गरी पेश गरेको अनुगमन प्रतिवेदन माथी समिक्षा गरियो । हरेक वडाका वडाध्यक्ष र हरेक विद्यालयका प्रधानअध्यापक तथा बिद्यालय व्यवस्थापन समितिका अध्यक्षको प्रत्यक्ष संलग्नतामा सबै विद्यालयहरुमा स्थलगत निरीक्षण अनुगमन गरी संकलन र बिश्लेषण गरि पेश गरिएको प्रतिवेदनमा उल्लेखित अभिलेख र स्थितिलाई गेरुवा गाउँपालिका अन्तर्गत रहेका २७ वटा बिद्यालयहरुको पहिलो अभिलेख कायम गर्ने र सोही अभिलेखीय आधार वनाई दिर्घकालीन शैक्षिक गुणस्तर सुधार अभियान-२०७५ प्रस्ताव तयार गरी गेरुवा गाउँपालिका, सामाजिक समितिवाट अनुमोदन गराई पेश गर्न गेरुवा गाउँपालिका, शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

२ **शैक्षिक गुणस्तर सुधार कार्यक्रमको रकम विनियोजन गर्ने सम्बन्धमा**

Scanned by CamScanner

**प्रस्ताव नं.२ माथी छलफल गर्दा** गेरुवा गाउँपालिकाको तेश्रो गाउँसभावाट आर्थिक वर्ष २०७५/७६ मा गेरुवा गाउँपालिका अन्तर्गत शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गर्नका लागि विनियोजित बजेट र विद्यालय अनुगमन प्रतिवेदन लाई आधार बनाई देहाय बमोजिमका विद्यालयहरुरुलाई देहाय बमोजिम रकम अनुदान उपलब्ध हुने गरी कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल :-**

| क्रस | वजेट शीर्षक | कार्यक्रम सूचक विवरण | विद्यालय | अनुदान प्रदान गरिएको रकम | खर्च प्रक्रिया | खर्च गर्ने समयावधि | जिम्मेवारी | अनुगमन | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | शैक्षिक स्तरोन्नतीका लागि विद्यालय अनुदान | जनता आवि सरखोल | 130000 | विद्यालयले शैक्षिक स्तरोन्नतीका लागि कार्ययोजना बनाइ विद्यालय व्यवस्थापन समितिमा पेश गरी सम्बन्धित वडाको अध्यक्ष वा निजले खटाएको वडा सदस्यको रोहवरमा पारित गरी सोको एक प्रति गेरुवा गापामा पेश गर्ने | चौमासिक रुपमा खर्च गर्ने | -गेरुवा गापा<br>-वडा कार्यालय<br>-विव्यस<br>-विद्यालय प्रअ | -गेरुवा गापा | -विव्यसको निर्णय<br>-विद्यालयको कार्ययोजना<br>-प्रगति प्रतिवेदन<br>-विल भर्पाई |
| २ | | | जानकी मावि जनकनगर | 300000 | | | | | |
| ५ | | | खैरावाङ भगवती आवि राजीपुर | 170000 | | | | | |
| ६ | | | एकप्रिय राठौर मावि पाताभार | 205000 | | | | | |
| ७ | | | सरस्वती आवि वनकट्टी | 170000 | | | | | |
| ८ | | | सरस्वती आवि जोधिपुर | 300000 | | | | | |
| ९ | | | नेरा आवि गिदरपुर | 300000 | | | | | |
| १० | | | जनता मावि गोला | 200000 | | | | | |
| ११ | | | बालप्रिय आवि तिनघरुवा | 300000 | | | | | |
| १२ | | | किसान प्रावि खोनपुर | 260000 | | | | | |
| १३ | | | नवज्योति प्रावि सुखार | 50000 | | | | | |
| १४ | | | शिवज्योति प्रावि झवही | 260000 | | | | | |
| १५ | | | पशुपति मावि पशुपतिनगर | 300000 | | | | | |
| १६ | | | सरस्वती आवि विन्द्रा | 300000 | | | | | |
| १७ | | | जनकल्याण प्रावि लाहोरपुर | 50000 | | | | | |
| १८ | | | दिव्यज्योति प्रावि गुप्तिपुर | 50000 | | | | | |
| १९ | | | रामजानकी आवि रामनगर | 130000 | | | | | |
| २० | | | जनप्रिय प्रावि वेलभरिया | 150000 | | | | | |
| २१ | | | नेरा गणेश मावि प्रशेनीपुर | 300000 | | | | | |
| २२ | | | अमरशहिद धर्मभक्त प्रावि बाजपुर | 50000 | | | | | |
| | | | | 3975000 | | | | | |

Scanned by CamScanner

उपरोक्त कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृतिका लागि गेरुवा गाउँ कार्यपालिकालाई अनुरोध गर्ने निर्णय समेत गरियो

**३ सावीक जिल्ला शिक्षा कार्यालय, बर्दियाबाट बिद्यालयहरुमा वितरीत अधुरा योजनाहरु अनुगमन गर्ने सम्बन्धमा**

प्रस्ताव नं.३ माथी छलफल गर्दा शिक्षा विभागको परिपत्र, जिल्ला प्रशासन कार्यालय, शिक्षा ईकाई, वर्दियाको अनुरोध र सम्बन्धित बिद्यालयहरुको निवेदन समेत प्राप्त भएकोले तपशिल बमोजिमका विद्यालयहरुको तपशिल वमोजिमको भौतिक निर्माण कार्यको स्थलगत र प्राविधिक अनुगमन मुल्याङकन गरी फाईनल वीलको रुपमा प्रतिवेदन तयार गरी भूक्तानी तथा रोक्का भएको खाता फुकुवाका लागि सिफारीश सहित पेश गर्ने गरी गेरवा गाउँपालिकावाट प्राविधिक सहितको टोली खटाई दिन गेरुवा गाउँपालिकालाई अनुरोध गर्ने र ति योजनाहरु सञ्चालन गर्ने विनियोजित वजेट सहितको निर्णय, लागत ईष्टिमेट र कार्य सम्पादन सम्झौता सहितका कागजात फायल उपलब्ध गराई दिन जिल्ला प्रशासन कार्यालय, शिक्षा ईकाईलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल:

| क्रस | विद्यालयको नाम | कार्यक्रमको नाम | वजेट |
|---|---|---|---|
| १ | किसान प्रावि खोनपुर | २ कोठे भवन | ४०००००। |
| २ | रामजानकी आवि रामनगर | २ कोठे भवन | ११२००००। |
| ३ | कृष्णदुर्गा प्रावि पहाडीपुर | २ कोठे भवन | ३२००००। |
| ४ | सरस्वती आवि विन्द्रा | शौचालय | १२००००। |
| ५ | बालप्रिय आवि तिनघरुवा | शौचालय | ४२००००। |
| ६ | नेरा आवि गिदरपुर | शौचालय | १०००००। |
| ७ | पशुपति मावि पशुपतिनगर | शौचालय | ४२००००। |
| ८ | एकप्रिय मावि पाताभार | कक्षाकोठा मर्मत | १०००००। |
| ९ | बलप्रिय आवि तिनघरुवा | कक्षाकोठा मर्मत | ७५०००। |
| १० | आवि राजीपुर | कक्षाकोठा मर्मत | ७५०००। |
| ११ | मवि गोला | कक्षाकोठा मर्मत | ७५०००। |
| १२ | सरस्वती आवि बनकट्टी | कक्षाकोठा मर्मत | ७५०००। |
| १३ | नेरा आवि गिदरपुर | कक्षाकोठा मर्मत | ७५०००। |
| १४ | पशुपति मावि पशुपतिनगर | कक्षाकोठा मर्मत | ५००००। |
| १५ | सरस्वती आवि विन्द्रा | कक्षाकोठा मर्मत | ७५०००। |
| १६ | प्रावि गुप्तीपुर | कक्षाकोठा मर्मत | ७५०००। |
| १७ | प्रावि लाहोरपुर | कक्षाकोठा मर्मत | ७५०००। |
| १८ | प्रावि बाजपुर | कक्षाकोठा मर्मत | ७५०००। |
| १९ | प्रावि सुखार | कक्षाकोठा मर्मत | १०००००। |
| २० | जानकी मावि जनकनगर | ४ कोठे भवन | ७१००००। |
| | | | |

**४ बिबिध**

**(क) समितिको आगामी बैठक बस्ने सम्बन्धमा**

**निर्णय नं. ४(क)** वडादशैं २०७५ को उपलक्षमा सवै नेपाली दाजुभाई दिदिवहिनीहरुमा सुख, शान्ती र समृद्धिको लागि हार्दिक मंगलमय शुभ कामना अर्पण गर्ने निर्णय गरियो ।

**(ख) शिक्षा समितिको अर्को बैठक बस्ने सम्बन्धमा**

निर्णय नं.४(ख) स्थानीय शिक्षा समितिको तेश्रो बैठक मिति २०७५ साल मंशिर ५ गतेका दिन दिउँसो २.०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner